नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

फोन नं. ४२११९९१, ४२००५९५
फ्याक्स: ९७७-१-४२११८७७
अडियो नोटिस बोर्ड नं.: १६१८०१४२००५९५
इमेल: info@moless.gov.np
वेवसाइट: www.moless.gov.np

पत्र संख्या:-
चलानी:-

सिंहदरबार, काठमाडौं
नेपाल

## प्रेस विज्ञप्ति

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले हालैका दिनमा आफ्ना सुधारका क्रियाकलापहरुलाई अभियानकै रुपमा सञ्चालन गरिरहेको व्यहोरा यहाँहरुलाई विदितै छ। यसै सिलसिलामा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अध्यागमन कक्षमा वैदेशिक रोजगारीमा जाने नेपाली दाजुभाई एवं दिदीबहिनीहरुको लागि छुट्टै डेस्क रहेकोमा यस मन्त्रालयको अनुरोध पश्चात गृह मन्त्रालयमार्फत निजहरुको स्वाभिमान र सम्मानलाई ख्याल गरी Domestic Desk बाट नै एउटै लाइन हुनेगरी अध्यागमन चेकजाँचको प्रक्रिया थालनी भै सकेको छ भने अपाङ्ग तथा अशक्त नागरिकहरुलाई सहज रुपमा सिंहदरवार प्रवेशका लागि अपाङ्गता परिचयपत्रका आधारमा प्रवेश सहजीकरणको व्यवस्था मिलाइएको गृह मन्त्रालयबाट जानकारी प्राप्त भएको छ।

यस मन्त्रालयमा रहेको Call Center लाई नेपालभित्र र बाहिर रहने श्रमिकसँग सम्बन्धित सम्पूर्ण जिज्ञासा र समस्या One-door Policy बाट समाधान गर्ने उद्देश्यका साथ **"श्रमाधानः २४ घण्टे श्रम सहायता केन्द्र"** को रुपमा रुपान्तरण गर्ने अभियान आजैबाट शुरु गरिएको र दोस्रो चरणमा ६ महिनाभित्र **श्रमाधान Mobile App** र श्रम सम्बन्धी सम्पूर्ण कार्यहरुको Time-card लागू गरिनेछ।

आगामी दिनहरुमा समेत यस मन्त्रालयको क्षेत्राधिकारका विषयमा समसामयिक सुधार गर्दै लैजाने जानकारी गराउँदै यहाँहरुको सदाझैं साथ-सहयोगको अपेक्षा राख्दछौं।

**श्रमाधानका लागि सम्पर्क:-**

Phone no.: -1141/9801800013
Email Address: - callcenter@feb.gov.np
WhatsApp: - 9801800013
Facebook: - facebook.com/mol-call center
Viber: -9801800013
Twitter: -twitter.com/ mol-call center
Imo: -9801300033

यो Contact Address श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको वेभसाइट www.moless.gov.np /shramadhan.moless.gov.np मा समेत उपलब्ध छ।

मिति:-२०७९ माघ १७ गते

डण्डुराज घिमिरे
सहसचिव/प्रवक्ता